आर्थिक बर्ष : २०७९/८०
बैठक संख्या : १९

आज मिति २०८०/०३/२७ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पितामबर पोखेल प्रशासन शाखा प्रमुख

**निर्णय नं. १** मिति २०८०/०३/२७

विरुवा गाउँपालिकाको गाउँसभा र गाउँकार्यपालिका बैठकबाट स्वीकृत गरी विभिन्न समयमा जारी गरिएका विविध कानुनहरु (ऐन, नियमावली, कार्यविधि, आचारसंहिता) पुनरावलोकन गरी आवश्यकता अनुरुप समयसापेक्ष हुने गरी संशोधन गर्ने प्रयोजनका लागि विधायन समितिलाई जिम्मा दिने र विधायन समितिको सिफारिस बमोजिम कानुनहरु संशोधनको प्रक्रिया अगाडी बढाउने सर्वसहमतीले निर्णय गरियो ।

**निर्णय नं. २**

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” की धर्मपत्नी सीता दाहालको मिति २०८०/०३/२७ गते बिहान ८:३३ बजे भएको असामहिक र दुखद निधनप्रति विरुवा गाउँकार्यपालिकाको बैठकले गहिरो दुःख प्रकट गर्दै मृतक आत्माको चिर शान्तीको कामना गर्दै एक मिनेट मौनधारण गरियो। साथै सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” लगायत शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

CamScanner